# मिति २०७४ साल कार्त्तिक ५ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

**१. बाढी पहिरोबाट क्षति भएको सडक मर्मत सम्बन्धमा**

प्रस्ताव नं. १ बाढी पहिरोबाट क्षति भएको सडक मर्मत सम्बन्धमा छलफल गर्दा वडा समिति मार्फत बडा दशै अगावै आपकालिन रुपमा सडक मर्मत गरीएकोमा सो सडक मर्मत कार्यको मर्मत सम्भारमा भएको खर्च विवरण, विल, भर्पाई तथा प्राविधिक प्रतिवेदन सहित आगामी बैठक अगावै खर्च विवरण अनिवार्य पेश गर्न वडा समितिलाई जिम्मेवारी दिने सर्वसम्मति निर्णय गरियो ।

**२. उपभोक्ता समिति गठन सम्बन्धमा**

प्रस्ताव नं. ७ उपभोक्ता समिति गठन सम्बन्धमा छलफल गर्दा १५ लाख भन्दा कम लागतको योजनाको ७ दिन भित्र उपभोक्ता समिति गठन गरी गाउँ कार्यपालिकामा पेश गर्न वडा समितिलाई पुनः जिम्मेवारी दिने सर्वसम्मत निर्णय गरियो ।

**३..वडा स्तरिय अन्तक्रिया तथा समिक्षा कार्यक्रम सम्बन्धमा**

प्रस्ताव नं. ३ वडा स्तरिय अन्तक्रिया तथा समिक्षा कार्यक्रम सम्बन्धमा छलफल गर्दा गाउँ कार्यपालिका तथा वडा कार्यालयको सेवा प्रवाह सम्बन्धमा सम्बन्धीत वडामा रहेका राजनैतिक दल, संघ, संस्था, कार्यालय, विद्यालय तथा उपभोक्ता समितिका पदाधिकारीहरुबाट कम्तीमा २५ जना सम्बन्धीत वडा कार्यालयले आमन्त्रण गरी वडा स्तरमा अर्न्तक्रिया तथा समिक्षा कार्यक्रम तपसिल अनुसारको मिति, समय र स्थानमा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा कार्यकारी अधिकृतको उपस्थीतीमा सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

| मिति | स्थान | समय | कैफियत |
|---|---|---|---|
| २०७४ कार्त्तिक १२ गते आइतवार | बकैया-११, आँपचौर | १०:०० बजे | |
| २०७४ कार्त्तिक १२ गते आइतवार | बकैया-१२, ठिंगन | २:०० बजे | |
| २०७४ कार्त्तिक १३ गते सोमवार | बकैया-१०, धुँवाकोटवेसी | ११:०० बजे | |
| २०७४ कार्त्तिक १४ गते मंगलवार | बकैया-८, किर्नेबजार | १०:०० बजे | |
| २०७४ कार्त्तिक १४ गते मंगलवार | बकैया-९, कुसुमदमार | २:०० बजे | |

**४.फाष्ट ट्राकको सडक निर्माण सम्बन्धमा**

प्रस्ताव नं. ४ फाष्ट ट्राकको सडक निर्माण सम्बन्धमा छलफल गर्दा काठमाडौं तराई द्रुतमार्गको ट्राक निर्माण गर्दा हुन जाने भौतिक क्षति (खानेपानी पाइप, सडक, मठ, मन्दीर आदी) को पुनःनिर्माण र बाँकी हुन गएको जग्गाको, घर गोठ बगैचा आदीको क्षतिपुर्ति छिटो भन्दा छिटो उपलब्ध गराउन सम्बन्धीत निकायमा ध्यानाकर्षण गर्ने निर्णय गरियो ।

**आज मिति २०७४ साल कार्त्तिक ५ गतेको बैठक विहान ११:३० बजे शुरु भई ५:१५ बजे सम्पन्न गरियो ।**